# धनगढी उप-महानगरपालिकाको प्रथम नगरसभा अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

यस नगरसभा अधिवेशनका प्रमुख अतिथि एवं व्यवस्थापिका संसदका माननीय सांसद पुस्करनाथ ओझाज्यू, व्यवस्थापिका संसदका माननीय सांसद प्यारेलाल रानाज्यू, श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, धनगढी उप-महानगरपालिकाका उप प्रमुखज्यू,श्रीमान् स्थानीय विकास अधिकारीज्यू, वडा अध्यक्षज्यूहरु, वडा सदस्यज्यूहरु, कार्यकारी अधिकृतज्यू, विभिन्न राजनैतिक दलका केन्द्रीय सदस्यज्यूहरु, जिल्लास्थित विभिन्न राजनैतिक दलका प्रमुखज्यूहरु, सम्पूर्ण सरकारी कार्यालयका प्रमुखज्यूहरु, सुरक्षा निकायका प्रमुखहरुज्यू कैलाली उद्योग वाणिज्य संघका अध्यक्षज्यू, नागरिक सचेतना केन्द्रका संयोजकज्यूहरु, सञ्चारकर्मी साथीहरु, सम्पूर्ण गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु, नगरसभा अधिवेशनका सम्पूर्ण सदस्यज्यूहरु, समाजसेवी, राजनीतिकर्मी, बुद्धिजीवी लगायत सम्पूर्ण उपस्थित भद्र महिला तथा सज्जनबृन्द ।

सर्वप्रथम यस नगरसभा अधिवेशन उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यहाँ उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ठ अथितिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरुमा मेरो व्यक्तिगत तर्फबाट तथा आयोजक धनगढी उप महानगरपालिका परिवारको तर्फबाट कृतज्ञता सहित स्वागत गर्दछु ।

यस महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रातःस्मरणीय शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु ।

भरखरै सम्पन्न स्थानीय तह निर्वाचनमा हामीलाई अत्यन्त माया र भरोसा गरी आफ्नो अमुल्य मत प्रदान गर्नुभई विजयी गराउनु भएकोमा सबै धनगढीवासी आमा, बुबा, दाजुभाई, दिदी बहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद समेत टक्र्याउँदछु ।

**उपस्थित महिला तथा सज्जनबृन्द !**

१५ बर्ष सम्म स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि बहाल हुन नसकीरहेको अवस्थामा हालै सम्पन्न निर्वाचनबाट निर्वाचित भई पहिलो नगरसभा अधिवेशनमा उप महानगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा मलाई अपार हर्ष महशुस भईरहेकोछ । यो घढीमा म धनगढीको कुशल नेतृत्व गरीसक्नु भएका पूर्ववर्ति नेतृत्व प्रति सम्मान व्यक्त गर्दछु । त्यस्तै धनगढी उप महानगरपालिकाको विकासमा सधैं हातेमालो गर्नुहुने आदरणीय नगरवासीहरु प्रति नतमस्तक हुँदै सुसंस्कृत, सुन्दर र समृद्ध धनगढी शहरको विकासमा यहाँहरुको सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यप्रणाली स्थापना पछि पहिलो पटक स्थानीय तह निर्वाचन सम्पन्न भएकोछ । धनगढी उप महानगरपालिकाका हामी निर्वाचित जनप्रतिनिधिहरुले तपाईहरु आम नगरवासीका भावना र चाहना तथा भरोसालाई उच्च सम्मान गर्दे धनगढी उप महानगरपालिकालाई सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानमा मन वचन कर्मले सधैं कटिवद्ध रहने पुनःप्रण दाहोर्‍याउँदछौं ।

**उपस्थित महानुभावहरु,**

धनगढी उप महानगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बार्षिक नगर विकास योजना तर्जुमा गर्दा स्थानीयतहले योजना तर्जुमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरेकाछौं । योजना तर्जूमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६, स्थानीय तहको योजना तर्जूमा सम्बन्धी दिग्दर्शन २०७४ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा गरिएको व्यवस्था, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशनलाई पूर्णतः पालन गर्दै योजना तर्जुमा गरिएकोछ । यसका साथै नगर विकास योजना निर्माणका लागि चालु त्रिवर्षीय योजना, वडासमितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, बिषयगत सरकारी कार्यालयहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, बुद्धिजिवीवर्ग लगायतबाट प्राप्त सुझाव एवं वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरणका आधारमा नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई नगरसभामा पेश गरिएको छ ।

राजस्वका दरहरुमा नगरस्तरीय राजस्व परामर्श समितिको सिफारिशलाई आधार लिदैं नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ । जसमा कर, शुल्क तथा दस्तुरका २०७३/९/२९ मा सम्पन्न दोस्रो नगरपरिषद्बाट पारित दरहरु यथावत राखी सम्पति करमा केही संस्शोधन गरी आर्थिक बर्ष २०७४/०७५ मा लाग्ने कूल एकिकृत सम्पति करको रकममा १५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको यस उप महानगरपालिकाले हाल सिमित श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति एकातर्फ छ भने अर्को तर्फ बढदो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता विद्यमान छ । यद्यपी नगरवासीहरुको हित र सुविधाका

लागि शहरी सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ ।

नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकास कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईनेछ भने सञ्चालित योजनामा उपभोक्ता समितिको सरोकारवाला जनता प्रतिको जवाफदेहीतामा वृद्धि गर्न सामाजिक परीक्षणलाई अझै प्रभावकारी बनाईनेछ ।

नगरपालिका प्रतिको गुनासो र सुझाव व्यवस्थापनको लागि कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी कार्यालय परिसरमा सुझाव पेटीका राखी अनुगमन गर्ने व्यवस्था गरिएकोछ । त्यस्तैगरी सूचना प्रवाह तथा व्यवस्थापनको लागि नगरकार्यपालिकाको प्रवक्ता चयन गर्नुका साथै सूचना अधिकारीको समेत व्यवस्था गरिएकोछ । कार्यालयमा आउने सेवाग्राहीलाई सहयोग पुऱ्याउन हेल्प डेस्कको व्यवस्था, कार्यालय परिसरमा नागरिक वडापत्र लगायतका व्यवस्थाहरु गरिएकोछ । कार्यालयको लेखा, राजस्व सम्बन्धि कार्यहरुमा सफ्टवेयर जडान गरि कम्प्युटरिकृत गरिसकिएको छ । यी कार्यहरुलाई यस बर्ष अझ चुस्त दुरुस्त र प्रभावकारी बनाउनेछ भने ठूला योजनामा हुने ठेक्का बन्दोवस्तका लागि E-bidding प्रक्रियाको थालनि यसै बर्षबाट गरिनेछ ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन निजी क्षेत्र संग साझेदारी गरी प्रतिफलमा आधारित प्रणाली अवलम्बन गरिनेछ भने स्रोतमा फोहोरमैला वर्गिकरण गरी फोहोर न्यूनिकरण गर्न विभिन्न टोलवस्तीहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । प्रमुख शहरी एवं आवसीय क्षेत्रहरुमा सडकवत्ति व्यवस्थापन गरी यसलाई विस्तार गर्दै लगिनेछ ।

नगरपालिकाको विभिन्न भागमा छाडारुपमा छाडिएका चौपायाहरुको कारण एका तर्फ सवारी दुर्घटना दिन प्रति दिन बढदै गई ट्राफिक व्यवस्थापनमा चुनौती थपिदै गएकोछ, भने अर्को तर्फ यहाँका कृषकहरुले आफुले लगाएको अन्नवालिको उचित संरक्षण र उपभोग गर्न नपाई रहेको परिवेशलाई मध्यनजर गरी यसै नगरपालिका क्षेत्र भित्र फुलवारी तथा बेहडा बाबा क्षेत्रमा गौशालाको निर्माणको कार्यलाई अगाडि बढाईने छ । छाडा चौपाय नियन्त्रण तथा व्यवस्थापन नगरपालिकाको एक्लो समस्या होईन तसर्थ यसको उचित व्यवस्थापनमा यहाँका राजनैतीक दल, नागरिक समाज, व्यवसायी, बुद्धिजिवी, कृषकहरु लगायत सम्पूर्ण महानुभावहरुबाट आगामी दिनमा सहयोगको अपेक्षा  पनि गरेका छौं ।

**भौतिक अवस्था,**

उप महानगरपालिकाको समष्ठिगत भौतिक पूर्वाधार तर्फ दृष्टि लगाउँदा हालसम्ममा कालोपत्रे सडक १४० कि.मी., ग्रावेल सडक १८२.९० कि.मी. तयार भैसकेकोछ । स्वस्थ्य तर्फ सरकारी अञ्चल अस्पताल-१, आयुर्वेद अस्पताल-१, स्वस्थ्य चौकी-२, नगरस्वस्थ्य केन्द्र-७, खोप केन्द्र-१२, निजी अस्पताल-३, निजी पोलीक्लिनिक-१, रहेकाछन् । बर्थिङ्ग सेण्टर एक सम्पन्न भै सञ्चालनमा रहेकोछ भने एक निर्माणाधिन अवस्थामा रहेकोछ ।  विद्यालय तर्फ सामुदायिक प्रा.वि.-२८, नि.मा.वि. -२१, मा.वि. -२५, संस्थागत तर्फ प्रा.वि.-३०, नि.मा.वि.-२७, मा.वि.-३२ र धार्मिक प्रा.वि.-१ वटा सञ्चालनमा छन् । नेपाल खानेपानी संस्थान तथा शिवनगर खानेपानी आयोजनाबाट ७,२३८ घरधुरीलाई खानेपानी उपलब्ध भएकोछ भने नगरक्षेत्रमा सञ्चालनमा रहेका तथा निर्माणाधीन खानेपानी आयोजनाको संख्या १४ रहेकोछ । सपिङ्ग कम्प्लेक्स एक सम्पन्न र एक निर्माणाधिन अवस्थामा रहेकोछ । बसपार्क टर्मिनल भवन निर्माण सम्पन्न भै हस्तानतरणको प्रक्रियामा रहेकोछ ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७४को व्यवस्था,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- राजस्व परामर्श समितिको प्रतिवेदन
- विगत बर्षहरुमा सम्पन्न भएका नगर परिषदका बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,

बजेट बिनियोजन गर्दा प्रत्येक वडालाई ५० लाख सम्म समानरुपमा र बाँकी रकम जनसंख्या तथा भूगोललाई आधार मानी क्रमशः ६०/४० अनुपातमा भार दिई बजेट बिनियोजन गरिएकोछ । त्यस्तै गरी कुल विकास वजेट मध्ये ६० प्रतिशत पूर्वाधार विकासमा र ४० प्रतिशत बजेट प्रवर्द्धनात्मक कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाईएको छ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन होस भन्ने हेतुले कुल विकास वजेट मध्ये ३५ प्रतिशत छुट्टयाई त्यसबाट महिलाको लागि १० प्रतिशत, बालबालिकाको लागि १० प्रतिशत, दलित, अपाङ्ग, पिछडिएको समुदाय, आदिवासी/जनजाति, जेष्ठनागरिक समुदायलाई १५ प्रतिशत बजेट बिनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

**उप-महानगरपालिकाले आर्थिक बर्ष २०७४/०७५ देखी अवलम्वन गर्ने गरी तयार गरेका नगर विकासका नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेकाछन् :**

**१. पूर्वाधार विकास :**

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोष तथा बजेटको व्यवस्था गरिएकोछ । बनी सकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- बिषेश गरी शहरी क्षेत्रमा सडक निर्माण गर्दा दाँया बाँया पक्की नाली सहितको कालोपत्रे सडक निर्माण गरिनेछ ।
- आ.व.२०७४/०७५ मा सम्झौता भई कार्यान्वयन हुने योजनाहरुमा कालोपत्रे तथा पक्की सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागिताका साथै लागत साझेदारीको अनुपात ८०:२०, त्यस्तै गरी ग्राभेल, माटो फिलिङ्ग जस्ता कार्यमा ७०:३० र तटबन्धन, ईट्टा, ढुङ्गाबाट भवन निर्माणमा जनसहभागिताका साथै लागत साझेदारी ९०:१० को अनुपातमा रहनेछ ।
- नगर यातायात गुरुयोजना (MTMP) तयारी अन्तिम चरणमा रहेको हुँदा सोको आधारमा सडक योजना तयार एवं कार्यान्वयन गरिनेछ ।
- उप महानगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माणलाई प्राथमिकता दिनुका साथै MTMP मा परेका मुख्य सडकहरुको विस्तार एवं स्तरोन्नती गरिनेछ ।
- यस चालु आ.व.देखि नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre- project / post project photo को नीति अवलम्बन गरिनेछ ।
- योजना सम्झौता नगरी योजना कार्यन्वयन गरेको पाईएमा त्यस्ता उपभोक्ता समिति संग योजना सम्झौता गरिने छैन ।
- यस चालु आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ ।
- बेहडा बाबाको गुरुयोजना अनुसार पूर्वाधार निर्माण कार्यको शुरुवात गरिनेछ ।
- नगरपालिकाका वडा कार्यालयका भवन क्रमशः निर्माण गर्ने गरी यस बर्ष वडा नं. १३ र १६ का वडा कार्यालयको निर्माण कार्यको शुरुवात गरिनेछ ।
- नगरपालिकाको पार्श्वचित्र (Profile) तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- एकिकृत शहरी विकास योजना (IUDP) को तयारी यसै बर्ष गरिनेछ ।
- वडा नं. ३ को चटकपुर र विशालनगरको बीचमा रहेको नेतुवा तालमा Water park निर्माण गरिनेछ । यसबाट डुवान समस्या समाधानमा सहयोग पुग्नुको साथै पर्यटन क्षेत्रमा समेत योगदान पुग्नेछ ।
- प्रमुख सडकहरुमा विभिन्न संघ संस्था तथा निकायहरुबाट आफ्नो बार्षिक कार्यक्रम अन्तरगत कार्य गर्दा पिचबाटो भत्काएमा त्यसलाई एकहप्ता भित्र पिच गर्ने गरी निर्माण व्यवसायी संग सम्झौता गरी कार्य सञ्चालन गरिनेछ ।
- मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याईनेछ ।
- धनगढी नगरलाई स्मार्ट सिटी बनाउने लक्ष्यका साथ सोको लागि आवश्यक पर्ने कार्यक्रमहरु तयार गरी क्रमश : कार्यान्वयन गर्दै लगिनेछ ।
- अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्न अध्ययन गरिनेछ ।

**घर नक्सा पास :**

- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समिति संगको सहकार्यमा भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- आगामि आ.व.बाट नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी नगरपालिकामा सूचिकृत भएको र नगरपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट वस्ति विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड -२०७२ जारि भै सकेपछि नयाँ मापदण्ड बमोजिम तालिम प्राप्त व्याक्ति वा संस्थालाई मात्र स्वीकृती दिईनेछ ।
- यसै आ.व.बाट घर सम्पन्न प्रमाणपत्र प्रदान गर्दा घरको फोटो निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिकामा पछि समावेश भएका साविकको उर्मा र फुलवारी गाविस तथा गोदावरी नगरपालिकाको केही भागमा नक्सा पास नगरी बनाईएका घर तथा धनगढी नगरपालिकामा पनि नक्सा पास नगरी वा एक तलाको नक्सा पास गरेको तर अरु तलाको नक्सा पास नगरी निर्माण भएका घरहरुले २०७४ श्रावण १ देखी २०७५ आषाढ मसान्त सम्ममा घरनक्सा अभिलेखीकरण/नियमित गर्ने व्यवस्था गरिएकोछ ।
- नयाँ बन्ने "ख" वर्गका भवनहरुलाई सौर्य उर्जा प्रविधि जडान गर्नको लागि प्रोत्साहन गरिनेछ ।
- निर्माणको क्रममा रहेका वा अब नयाँ बन्ने भवनहरुलाई **"एक घर दुई विरुवा"**को नीति अवलम्वन गरिनेछ । त्यस्ता भवनलाई निर्माण सम्पन्न प्रमाण पत्र दिंदा सो व्यवस्थालाई अनिवार्य गरिनेछ । साथै बनी सकेका पुराना भवनलाई यो नीति अवलम्वन गर्न प्रोत्साहन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्गमैत्री बनाउनका साथै बनी सकेका त्यस्ता भवनहरुलाई अपाङ्ग मैत्री बनाउन प्रोत्साहन गरिनेछ । ।
- नगरपालिकाको शहरी क्षेत्रमा यसै आ.व.बाट House numbering कार्यक्रमको शुरुवात गरिनेछ ।

**२. सामाजिक विकास :**

- प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा गुणस्तर सुधारमा प्रोत्साहन गर्नुको साथै गुणस्तरीय जीवनोपयोगी, सीपमूलक र रोजगारमूलक शिक्षामा जोड दिईनेछ ।
- फूलवारीमा चिल्ड्रेन पार्क स्थापना गरिनेछ ।
- बालश्रम न्यूनिकरण गर्दै लगी यसलाई निर्मूल पार्न नगर बालसञ्जाललाई सक्रिय बनाउँदै विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनुका साथै बालहित संरक्षण तथा बाल विकासमा उनीहरुको पहुँच तथा सहभागिताको सुनिश्चितता गरिनेछ ।
- गरिब, आदिवासी/जनजाती, थारु, राना, मुक्तकमैया, हलिया, दलित, पिछडिएको वर्ग, अपाङ्ग, र अनाथ बालबालिकाहरुलाई बिषेश छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्यनरत जेहेन्दार गरिब छात्रछात्राहरुलाई प्रतिबर्ष २० थान Laptop प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रमलाई अवलम्बन गरी नगर क्षेत्रमा बनी सकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहीत गर्नुको साथै नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई बालमैत्री बनाउन लगाईनेछ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार, फर्निचर तथा भौतिक विकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पूर्णरुपमा पालना गर्न उत्प्रेरित गरिनेछ ।
- खेलकुद विकासका लागि खेलकुदसंग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा खेलकुद सामग्री वितरण गरी खेलकुद क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच विस्तार गरि गुणस्तर अभिबृद्धि गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- धनगढी उप-महानगरपालिका वडा नं. १३ राजपुरमा प्रादेशिकस्तरीय आयूर्वेद चिकित्सालय स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- नगर क्षेत्रका स्वास्थ्य केन्द्रहरुलाई क्रमिकरुपमा स्तरोन्नति गर्दै लगिनेछ ।
- धनगढी उप-महानगरपालिकालाई पूर्ण खोपयुक्त उप-महानगरपालिका घोषणा गर्न आवश्यक तयारी गरिनेछ ।
- धनगढी उप-महानगरपालिकालाई पूर्णरुपमा लागु औषध नियन्त्रण भएको शहर बनाउन सम्बद्ध सबै संस्था तथा निकाय संगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- "योग गरौं स्वस्थ बनौ" भन्ने नाराका साथमा घर घरमा योग पुऱ्याउने कार्यक्रमको शुरुवात गरिनेछ ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, दलित, जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति सुधारमा जोड दिईनेछ ।
- विपन्न पिछडिएका महिलाहरुका लागि आयआर्जन सम्बन्धी सीपमूलक कार्यक्रम सञ्चालन गरिनुका साथै लक्षित वर्गलाई सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा आयोग परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ ।

- सामाजिक परिचालनका माध्यमवाट गरिवी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य गरिनेछ ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिईनेछ ।
- वडा नं. ७ मा रहेको जाखोर ताल लगायत विभिन्न वडामा रहेका ताल तलैयाहरुको पहिचान गरी तिनीहरुको संरक्षण तथा विकास गरिनेछ ।
- चेलीबेटी बेचबिखन तथा महिला हिंसाका घटनामा कमी ल्याउने उद्देश्यका साथ **"हेलो छोरी"** ईन्टरनेट एप्सको व्यवस्था गरी जिल्ला प्रहरी कार्यालय महिला सेल संगको सहकार्यमा सञ्चालन गरिनेछ ।
- नगरका विभिन्न क्षेत्रमा चेलीबेटी बेचबिखन तथा महिला हिंसाका घटना न्यूनिकरण गर्ने तथा सामाजिक सचेतना अभिवृद्धि गर्नेखालका Hoarding Board राख्ने व्यवस्था मिलाईनेछ ।

**३. आर्थिक विकास :**

- कृषि उत्पादन अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि हाटबजार टहरा निर्माण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- Organic खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- क्वारेन्टाईन चेकपोष्ट स्थापना गरी अनियन्त्रीत रुपमा आयात भई रहेका अस्वस्थ तरकारी लगायत खाद्य पदार्थ आयातमा नियन्त्रणको लागि शुरुवात गरिनेछ ।
- एक वडा एक कृषि उत्पादनको कार्यक्रमको अवधारणलाई अगाडी बढाउन आवश्यक अध्ययन गरिनेछ ।
- नगरपालिका क्षेत्रका खेतीयोग्य जमिनको माटो परीक्षण गरी कृषि व्यवसाय प्रवर्द्धनलाई टेवा पुऱ्याईनेछ ।
- स्थानीयस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारीको माध्यमवाट रोजगारीका अवसरहरु श्रृजनाको लागि सहकारीसंग हातेमालो गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कृषक समूह, जल उपभोक्ता समितिलाई परिचालन गरी कृषि कार्यक्रमहरु कृषक समूह मार्फत लैजाने तथा महिला कृषक समूहलाई कार्यक्रममा बढीभन्दा बढी सहभागी गराइनेछ ।
- छाडा चौपायहरुलाई नियन्त्रण तथा व्यवस्थापन गर्न यसै बर्ष फुलवारीमा रहेको गौशालालाई विस्तार तथा स्तरोन्नती गरिनुका साथै बेहडा बाबा क्षेत्रमा नयाँ गौशाला निर्माणको थालनी गरिनेछ ।
- फूलवारीमा पशुहाटबजार, तरकारी तथा फलफूल हाटबजार सञ्चालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धिका लागि करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागि थप अध्ययन गर्नुका साथै कर संकलनका लागि यस क्षेत्र संग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझेदारीको नीति अवलम्वन गरिनेछ ।
- उप महानगरपालिका अन्तरगतका सम्पूर्ण वडाहरुमा वैज्ञानिकरुपमा एकिकृत सम्पतिकर लागु गर्नका लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न एक कार्यदल गठन गरिनेछ ।
- भादा गाउँमा रहेको थारु होमस्टेलाई स्तरोन्नती गरी सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सम्बन्धित निकायको सहयोग तथा सहकार्यका प्रत्येक महिना बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
- बजारमा अनियन्त्रीत रुपमा पसल अगाडी राखिएका होडिङ्ग बोर्ड तथा फुटपाथ पसलहरुलाई हटाई बजारलाई व्यवस्थित तथा सफा बनाईनेछ ।

**४. वातावरण तथा विपद् व्यवस्थापन :**

- नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ बाँया हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिनेछ ।
- घरबाट निस्कने जैविक फोहोरबाट वायोउर्जा तथा मल उत्पादन कार्यक्रमको लागि साझेदारी DBFOOT(Design Built Finance Own Operating and Transfer) मोडलमा प्लान्ट स्थापना गरिनेछ ।
- फोहोरमैलालाई वर्गिकरण तथा खण्डिकरण गर्न नगरवासीलाई उत्पेरित गर्ने खालका कार्यक्रम सञ्चालन गरी क्रमश: जैविक फोहार नगरपालिकाले नउठाउने र व्याक्ति स्वम्ले व्यवस्थापन गर्नु पर्ने नीति लिईनेछ । साथै कुहीने र नकुहीने फोहरलाई एकसाथ नउठाई फरक फरक समयमा उठाउने व्यवस्था यसै आ.व.बाट मिलाईनेछ ।

- यसै आ.ब.को माघ मसान्त भित्र सम्पूर्ण नगरपालिका क्षेत्रलाई खुला दिसामुक्त क्षेत्र घोषणा गरी पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकालाई पूर्ण खुला दिशा मुक्त क्षेत्र बनाउन Post ODF कार्यको लागि कार्यक्रम सञ्चालन गरिनेछ । साथै मुख्य शहरी क्षेत्र लगायत विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ ।
- नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा वातावरण मैत्री स्थानीय शासन (EFLG) कार्यक्रमका सूचकहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
- खेतीयोग्य जमिन प्लटिङ्ग गरी घडेरीकोरुपमा बिक्री गर्ने कार्यलाई निरुत्साहीत गर्न पूर्व स्वीकृती नलिई प्लटिङ्ग गरेको जग्गाको बिक्री गर्न नगरपालिकाबाट सिफारिश, पानी, विद्युतको सिफारिश गरिनेछैन । त्यसरी प्लटिङ्ग गरी घडेरीको रुपमा बिक्री गर्दा आवश्यक पर्ने पूर्वाधार तयार गरे पछि मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था मिलाईनेछ ।
- उर्मा स्थित पथरी गाउँलाई हरियाली, शहरी सुवीधा सम्पन्न नमुना गाउँको रुपमा विकास गरिनेछ ।
- खोला, खोल्सा तथा नालाहरुमा भएको अतिक्रमणलाई हटाई खालि जग्गामा साईकल पथ तथा हरियाली पार्क निर्माण कार्यको थालनी यसै आ.व.बाट गरिनेछ ।
- सडक अतिक्रमण गरी निर्माण गरिएका घर, टहराहरु हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तह सम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्वनै आवश्यक तालिम प्रदान गरिनेछ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिबृद्धिका लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पाँच लाख भन्दा माथिका योजनाहरुको अनुगमन गर्न एक सुरपरिवेक्षण तथा अनुगमन समिति गठन गरिने छ । सो समिति वा सो समितिले गठन गरेको उपसमितिद्धारा अनुगमन गराई प्रतिवेदन दिए पश्चात भुक्तानी तथा फरफारक गरिने व्यवस्था मिलाईनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न गराईनेछ ।

**६. वित्तिय व्यवस्थनपन र सुशासन :**

- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।
- नगरपालिकाको लागि स्वीकृत दरबन्दीमा कर्मचारी समायोजन भै रिक्त पदमा पदपूर्ति गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- र्कचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गरिनेछ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकामा जनताका गुनासाहरु सुन्नका लागि टोल फ्रि नं.(५२७७७७) को व्यवस्था गरिसकिएको छ । जसबाट जनताले आफुलाई परेका पिरमर्का गुनासा उक्त फोन मार्फत टिपाउन सक्नेछन । त्यस्ता गुनासाको सुनुवाई यथाशिघ्र गर्ने व्यवस्था मिलाईने छ ।
- नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित तथा पारदर्शि बनाई सूचनामा नागरिकको पहुँच बढाउन Digital Information board को व्यवस्था गरिनेछ ।
- भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ ।
- शहरका विभिन्न स्थानमा CC Camara जडान गरी सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सहयोग पुऱ्याईनेछ ।

**आदरणीय महानुभावहरु !**

**अब म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**आ.व. २०७३/०७४ को यथार्थ विवरण :**

आ.व. २०७३/०७४ मा कुल आय रु.३९ करोड ३६ लाख ८३ हजार मध्ये आन्तरिक स्रोतबाट ७ करोड ४० लाख ३५ हजार ( १९.३१ प्रतिशत), बाह्य श्रोतबाट रु.३० करोड ९४ लाख ३ हजार (८०.६९ प्रतिशत) र बैङ्क मौज्दात १ करोड २ लाख ४४ हजार रहेको थियो । त्यस्तै गरी कुल खर्च रु. ३६ करोड ६३ लाख ६४ हजार मध्ये चालु खर्च १७ करोड १२ लाख ७० हजार (४६.७५ प्रतिशत) र पूँजिगत खर्च १९ करोड ५० लाख ९३ हजार (५३.२५ प्रतिशत) भएको थियो । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. १२ करोड ५५ लाख ५ हजार समेत समावेश गरिएकोछ ।

**आगामी आ.ब.२०७४/०७५ को प्रस्तावित आय व्यय विवरण :**

यस नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ का लागि कुल आय व्यय रु. १ अर्ब १४ करोड ४१ लाख ५९ हजार रहेकोछ भने कुल खर्च मध्ये चालु खर्च तर्फ रु.२५ करोड ५५ लाख ७५ हजार (२२.३४ प्रतिशत) र पुँजीगत खर्च रु. ८८ करोड ८५ लाख ८४ हजार (७७.६६ प्रतिशत) रहेकोछ । चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. १६ करोड समेत समावेश गरिएकोछ, जसले गर्दा चालु खर्च बढी देखिन आएकोछ ।

**कुल आय तथा व्ययको श्रोत/क्षेत्रगत विवरण :**

**आय :**

आन्तरिक आय रु. ९ करोड ७९ लाख ८७ हजार, वित्तिय सामानिकरण रु.७२ करोड ३९ लाख २८ हजार, सामाजिक सुरक्षा कार्यक्रम रु. १६ करोड, मालपोत रजिष्ट्रेशन रु.२ करोड ७० लाख, स्थानीय शासन सामुदायिक विकास कार्यक्रम (LGCDP) रु.८० लाख, सडक वोर्ड नेपाल रु. ८४ लाख, सौर्य बत्ती कार्यक्रम रु. ६५ लाख, सिमा क्षेत्र विकास कार्यक्रम रु. ९७ लाख ७५ हजार, क्षेत्रीय शहरी विकास कार्यक्रम रु. ६ करोड ७७ लाख २० हजार, नगर विकास कोष अनुदान तथा ऋण ३२ लाख, लागत सहभागिता १५ लाख, अन्य आय २८ लाख २९ हजार, २०७४ आषाढ मसान्त सम्म बैङ्क मौज्दात रु. २ करोड ७३ लाख १९ हजार गरी जम्मा रु. १ अर्व १४ करोड ४१ लाख ५९ हजार आयको अनुमान गरिएको छ ।

**व्यय तर्फ :**

उपभोग खर्च रु. ६ करोड २१ लाख ७५ हजार, अन्य चालु खर्च रु. ३ करोड ३४ लाख, सामाजिक सुरक्षा कार्यक्रम अनुदान तथा अन्य खर्च रु. १६ करोड , सार्वजनिक पूर्वाधार तथा अन्य पुँजीगत खर्च तर्फ रु.८८ करोड ८५ लाख ८४ हजार गरी जम्मा रु. १ अर्व १४ करोड ४१ लाख ५९ हजार खर्च अनुमान गरिएकोछ ।

खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गरिनेछ ।

**आदरणीय उपस्थित महिला तथा सज्जनबृन्द !**

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरकार्यपालिका सदस्यज्यूहरू, बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै सामयिक रुपमा समन्वयात्मक निर्देशन गरिदिनु हुने माननीय सांसदज्यूहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारी साथीहरु तथा सामाजिक परिचालकहरुलाई धन्यवाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू एवं हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिका रूपमा उपस्थित हुनुभई यस पहिलो नगर सभा अधिवेसनको उद्घाटन गरि दिनु हुने माननीय सांसदज्यू पुस्करनाथ ओझाज्यू, विशिष्ट अतिथि एवं व्यवस्थापिका संसदका माननीय सांसद प्यारेलाल रानाज्यू,, श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, राजनैतिक दलका प्रमुखहरू, सम्पूर्ण सुरक्षा निकायका प्रमुखज्यूहरु, सम्पूर्ण कार्यालय प्रमुखज्यूहरू, सरकारी, निजी र गैरसरकारी क्षेत्रका लब्ध प्रतिष्ठित आमन्त्रित अतिथिज्यूहरु, पत्रकारज्यूहरु लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर धनगढी उप महानगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछौं ।

**धन्यवाद !**

**नृप बहादुर वड**
**नगर प्रमुख**
धनगढी उप महानगरपालिका
धनगढी कैलाली

दिनाङ्क २०७४ साल श्रावण २१ गते शनिवार ।